**कोहलपुर नगरपालिका**
**नगर सभा**
**चौधौं अधिवेशन**

**२०८० साल पौष २५ गते भएको नगरसभाको १४औं अधिवेशनको गतिविधि तथा निर्णयहरु**

**गतिविधिहरु :**

१. नगर सभाको पहिलो बैठक १३:४० बजे राष्ट्रिय गान सहित सभाका अध्यक्ष श्री पुर्ण प्रसाद आचार्य द्वारा बैठकको कारबाही प्रारम्भ भयो ।

२. सभाका अध्यक्षबाट संक्षिप्त सम्बोधन गरी बैठक सञ्चालनका विषयमा जानकारी गराउनुभयो।

३. नगर उपप्रमुख श्री संगिता सुबेदीले यस नगरपालिकाको चालु आ.ब. २०८०/०८१ को संशोधित बजेट तथा कार्यक्रम र चालु आर्थिक वर्षको मध्यावधिसम्म नगरपालिकाबाट भएका मूख्य मूख्य उपलब्धि सहितको प्रगति विवरण प्रस्तुत गर्नुभयो ।

४. विद्यान समिति संयोजक श्री सुनिता सुनारले नगरपालिकाको तर्फबाट बिगतमा तर्जुमा भएका कोहलपुर बाङ्मय प्रतिष्ठान ऐन, २०७९ तथा कोहलपुर नगरपालिकाको शिक्षा ऐन, २०७६ का संशोधन प्रस्तावका मूख्य बुँदा सहित बैठकमा प्रस्ताव पेश गर्नुभयो ।

५. बैठकमा उप प्रमुखले प्रस्तुत गर्नुभएको संशोधित कार्यक्रम तथा मध्यावधि प्रगति प्रतिवेदनका विषयमा आफ्नो धारणा, विचार जिज्ञासा वा सुझाव राख्न सचिवालयमा नाम टिपाएको आधारमा सभाध्यक्षको अनुमतिले देहायका सदस्यहरुले विभिन्न विषयहरुमा आफ्नो धारणा राख्नुभयो ।

क) कल्पना शर्मा, नगर सभा सदस्य (वडा नं. ११)

- वडा नं. ११ का वडा सिलिङ् अन्तर्गतका केही योजनाहरु संशोधन गर्नुपर्ने भएकाले सो योजनाहरु नगर सभाबाट संशोधन गरिदिनुहुन ।
- यस नगरपालिकाको लोकनगरमा मुक्त कमैयाको बस्ती रहेको र सहज पानी निकासको व्यवस्था नभएकाले नाला निर्माण योजना समावेश गरिनुपर्ने ।
- वडा अन्तर्गतका योजना सम्बन्धित वडा कार्यालयको जानकारी बिना संशोधन एवं कटौती हुने गरेकोमा त्यस्तो कार्य नगरिनुपर्ने ।

ख) लाल बहादुर राना, नगर सभा सदस्य (वडा नं. ८)

- हरित कोहलपुर निर्माणका लागि सबैको सहभागिता हुनुपर्ने, योजना अनुगमनलाई प्रभावकारी बनाउँदै योजनाको गुणस्तरता हुनुपर्ने । सुशासनलाई थप प्रभावकारी बनाईनुपर्ने, विद्युतीय हाजिरीले कर्मचारीहरुलाई थप जिम्मेवार एवं जवाफदेही बनाएको,
- यस नगरपालिकामा मूख्यमन्त्री गोल्डकप सञ्चालन गरिएको, भूमि सम्बन्धी जग्गा नापजाँच कार्यमा उल्लेख्य प्रगति हासिल भएको, विद्यालय भवन निर्माण, सामुदायिक विद्यालयहरुमा विषयगत शिक्षक व्यवस्थापन लगायत कार्य भएको ।
- विद्यालयमा प्राबिधिक शिक्षालाई बढावा दिइनुपर्ने, कृषिमा उन्नत बिउबिजनको प्रयोग एवं पशुमा राम्रो नश्लको विकास गरिनुपर्ने, डीप बोरिङ् व्यवस्थित गर्ने,

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

- खानेपानी समस्याको दीर्घकालिन समाधानका लागि बबई तथा राप्ती नदीको पानी ल्याउनका लागि पहल गरिनुपर्ने ।
- समाधीस्थल निर्माण जस्ता गौरवका योजनाहरुलाई प्राथमिकताकासाथ कार्यान्वयन गरिनुपर्ने।

ग) <u>ईश्वरी प्रसाद बिश्वकर्मा, कार्यपालिका सदस्य एवं सामाजिक विकास समिति संयोजक)</u>

- स्वास्थ्य तर्फ सेवा बिस्तार भएको नगर अस्पताल एवं नगर स्वास्थ्य प्रबर्धन केन्द्र, स्वास्थ्य शिविरहरु सञ्चालन गरिएको, स्वास्थ्य ऐनमा संशोधन गरिनुपर्ने, सिकलसेल ल्याब लाई नगर अस्पतालमा समावेश गरिनुपर्ने ।
- फोहोरमैला व्यवस्थापन ऐन एवं कार्यबिधी तर्जुमा एवं कार्यान्वयन गरिनुपर्ने, दलित सशक्तिकरण ऐन बनाईनुपर्ने, शिक्षा ऐनमा दलित समुदायको प्रतिनिधित्वको सुनिश्चितता गरिनुपर्ने । थारु समुदायको लागि बर्गर ऐन तर्जुमा गरिनुपर्ने ।

घ) <u>बिरेन्द्र कुमार शाह, नगर सभा सदस्य (वडा नं. १२)</u>

- भूमी सम्बन्धी कामकाजको प्रगति समेतको समिक्षा विवरणमा उल्लेख गरिनुपर्ने, भूमी सम्बन्धी कार्यमा खटिने कर्मचारीहरुका लागि पारिश्रमिक एवं भूमी सम्बन्धी कामकाजका लागि आवश्यक बजेटको व्यवस्था गरिनुपर्ने,
- अपाङ्ग भत्ता वितरण वितरण सम्बन्धमा अन्य पालिका जस्तै व्यवस्था गरिनुपर्ने ।
- वडा नं. १२ को योजनाको नाम सुन्दरबस्ती खोलाको सट्टा सुन्दरबस्ती टोल हुनुपर्ने, नागरिक आवास योजनाको प्रगति विवरण समेत उल्लेख गरिनुपर्ने ।

ङ) <u>गोबिन्द वाग्ले, नगर सभा सदस्य (वडा नं. ६)</u>

- बिगतमा नगरपालिकाबाट बिगतमा अन्य वडाहरुमा घर नक्सा पासका लागि ४०% एवं २५% छुट दिंदा समेत भूमी सम्बन्धी विवादका कारण वडा नं. ६ उक्त छुटबाट बञ्चित हुनुपरेको साथै समयमै घर नक्सा पास गर्न नपाउँदा जरिवाना समेत बुझाउनुपर्ने अवस्था रहेकाले वडा नं ६ मा घर नक्सा पास गराउँदा एकपटकलाई सूचना जारी गरी छूट दिइनुपर्ने ।
- वडा नं. ६ मा रहेको भूमि सम्बन्धी समस्या समाधानका लागि नगर विकास लागु गरी समस्याको दीर्घकालिन समाधान गरिनुपर्ने ।
- नगरपालिका भित्र निकट भविष्यमा नै खानेपानीको समस्या आउन सक्ने देखिएकाले खानेपानी समस्या समाधानका लागि राप्ती तथा बबई नदीबाट पानी ल्याउनका लागि आवश्यक पहल गरिनुपर्ने । उक्त कार्यलाई गौरवका आयोजनाको रुपमा अगाडी बढाईनुपर्ने ।

५. नगर सभा सदस्यहरुले उठान गरेका विषयहरुमा सभाध्यक्षले जवाफ सहित संम्बोधन गरी थप स्पष्ट पार्नुभयो ।

६. नगर उपप्रमुखले प्रस्तुत गर्नुभएको संशोधित कार्यक्रम, आय व्यय तथा मध्यावधि प्रगति प्रतिवेदन पारित गरियोस् भनी प्रस्ताव पेश भएकोमा उक्त प्रस्ताव ध्वनी मतका आधारमा पारित भएको ।

७. नगर सभाको बैठकमा टेबुल भएको कोहलपुर नगरपालिकाको बाङ्मय प्रतिष्ठान ऐन, २०८० तथा नगर शिक्षा ऐन, २०७६ मा भएको संशोधन प्रस्तावमा सभाध्यक्षको अनुमतिले देहायका सदस्यले आफ्नो धारणा राख्नुभयो ।

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

संगिता सुवेदी, नगर उपप्रमुख

नगर शिक्षा ऐनमा भएको संशोधनमा नगर शिक्षा समिति गठनका विषयमा आफ्नो असहमती रहेको र सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी शिक्षा समिति गठनको व्यवस्था हुनुपर्ने । नगरपालिकाबाट हुने गरेका कामकारवाही, एवं निर्णय प्रक्रियाहरुमा आफुलाई समेत सहभागी गराईनुपर्ने । विभिन्न शाखा/उपशाखाहरुको योजना तथा कार्याक्रमहरुको कार्यान्वयन एवं प्रगतिका विषयमा १५/१५ दिनमा आफुलाई जानकारी गराईनुपर्ने ।

८. नगर सभाको बैठकमा टेबुल भएको कोहलपुर नगरपालिकाको बाङ्मय प्रतिष्ठान ऐन, २०८० मा भएको संशोधन प्रस्तावमा सभा अध्यक्षद्वारा थप प्रष्ट गर्दै निर्णायार्थ पेश गर्नुभएकोमा सो प्रस्ताव ध्वनिमतका आधारमा पारित भएको ।

९. नगरसभाको बैठकमा टेबुल भएको कोहलपुर नगरपालिकाको शिक्षा ऐन, २०७६ मा भएको संशोधन प्रस्तावमा सङ्घीय शिक्षा ऐन, २०२८ को दफा ११(ट) बमोजिम हुने गरी संशोधन प्रस्ताव ध्वनिमतका आधारमा पारित भएको ।

१०. अखिल नेपाल फुटबल संघ (ANFA)ले कोहलपुर न.पा. २ स्थित तेह्र बिगाह स्थित जग्गाको भोगाधिकारका लागि माग सम्बन्धी प्राप्त पत्र एवं प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद(CTEVT) अबिछिन्न भोगाधिकार सम्बन्धी पेश भएको प्रस्ताव सम्बन्धमा देहायका सभा सदस्यले आफ्नो धारणा राख्नुभयो ।

लाल बहादुर राना, नगर सभा सदस्य (वडा नं. ८)

वडा नं. ८ स्थित बिन्धबासिनी सामुदायिक वनको जग्गा प्रयोग हुने गरी प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद(CTEVT) लाई १५ बिगाहा जग्गा उपलब्ध गराईनुपर्ने । सो क्षेत्रमा प्रयाप्त जग्गा रहेकाले भविष्यमा परिषदको कार्यालय एवं शिक्षालयको संरचना निर्माणका आवश्यक जग्गा उपलब्ध हुनसक्ने, अखिल नेपाल फुटबल संघ (ANFA) का लागि कोहलपुर न.पा. २ स्थित तेह्र बिगाह उपयुक्त रहेको ।

११. कोहलपुर नगरपालिका वडा नं. २ मा रहेको तेह्र बिगाह स्थित साढे पाँच बिगाह जग्गा भोगाधिकारका लागि विगतमा अखिल नेपाल फुटबल संघ(ANFA) आगामी ५० वर्षसम्म सो जग्गा र जग्गामा बन्ने संरचनाहरुको भोगाधिकारका लागि अखिल नेपाल फुटबल संघको पत्र बमोजिम नगर कार्यपालिकाको मिति २०८० पौष २३ गते भएको निर्णय बमोजिम उक्त स्थानमा फुटवल एकेडेमी निर्माणका लागि आवश्यक जग्गा लिजमा उपलब्ध गराउन आवश्यक प्रक्रिया अगाडी बढाईदिनका लागी सम्बन्धित निकायमा सिफारिश गर्ने विषय सर्वसम्मत पारित गरियो ।

१२. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सिटिईभिटी) ले प्राविधिक शिक्षालय व्यवस्थापनका लागि जग्गा माग गरी पेश गरेकोमा सम्बन्धित वडा कार्यालयको समन्वयमा कोहलपुर नगरपालिका वडा नं ८ स्थित विन्दवासिनी सामुदायिक वनको १५ बिघा जग्गा उपलब्ध गराउने विषयमा सम्बन्धित सामुदायिक वनको साधारणसभाबाट निर्णय भई आएमा थप प्रकृया अघि बढाउन सम्बन्धित निकायमा सिफारिश गर्ने कार्यलाई सर्वसम्मत पारित गरियो ।

पुर्ण प्रसाद ...
नगर प्रमुख

१३. नेपालको मित्रराष्ट्र टर्कीको Maltepe Municipality, Istanbul, Turkey सँग भगिनी सम्बन्ध कायम गर्ने सम्बन्धमा पेश भएको प्रस्ताव ध्वनी मतका आधारमा सर्वसम्मत पारित भएको ।

१४. यस नगरपालिकाका अधुरा ठेक्का तथा योजनाहरुको व्यवस्थापकीय उपायहरुको सम्बन्धमा आवश्यक छलफल गर्न पेश भएका अनुसूची २ बमोजिमका योजनाहरु उपर छलफल हुँदा उल्लेखित योजनाहरुको कानून बमोजिम म्याद थप गर्ने अवधि समाप्त भैसकेको, सो योजनाहरुको ठेक्का तोड्दा उल्लेखित योजनाहरु अलपत्र भई थप समय र स्रोतको खर्च हुने, हालसम्म खर्च भएको नेपाल सरकारको अनुदानको मौद्रिक मूल्य हासिल नहुने, सोही योजना सम्पन्न गर्न नयाँ खरिद विधि अवलम्बन गर्दा समेत सो मूल्य बराबरमा कार्यसम्पन्न हुन सक्ने अवस्था नदेखिएको कारण, उल्लेखित योजनाहरुको लाभ लागत विश्लेषण गरी आवश्यकता एवं औचित्यताको सिद्धान्तका आधारमा २०८० पौष मसान्तसम्म अन्तिम पटकका लागी म्याद थप गरि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) बमोजिम मिति २०८० माघ १ गते देखि गणना गर्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतसम्म पुर्वनिर्धारित क्षतिपूर्ति लिई भुक्तानी गर्ने । उल्लेखित अवधिभित्र समेत कार्यसम्पन्न गरेको नपाइएमा ऐ. नियमावलीको नियम १२१ (ग) बमोजिम सम्बन्धित निर्माण कम्पनीसँग गरिएको खरिद सम्झौता अन्त्य गरी कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउने ।

१५. कोहलपुर नगरपालिकाको चारपाङ्ग्रे सवारी साधन भे.१झ. २३१ मा विद्युत सर्ट भई बिग्रिएको अवस्थामा रहेको र सो सवारी मर्मत सम्भारमा ठुलो रकम खर्च हुने अवस्था देखिएकाले कार्यपालिकाको निर्णयानुसार लिलामीमा लाने तय भएको छ । कार्यालय सञ्चालनका सन्दर्भमा सवारी साधन आवश्यक पर्ने देखिएकाले कन्टेन्जेन्सी रकमबाट खर्च लेख्ने गरी एक थान विद्युतीय सवारी साधन खरिद गर्न उपयुक्त हुने प्रस्ताव ध्वनि मतका आधारमा सर्वसम्मत पारित गरियो ।

१६. कोहलपुर बसपार्क तथा भ्यु टावरको व्यवस्थापन सम्बन्धमा ठेक्का आव्हान गर्दा हालसम्म पनि ठेक्का प्रस्ताव पेश हुन नआएकोमा बसपार्कको टर्मिनल भवन र भ्यू टावर लाई सञ्चालन एवं व्यवस्थापनका लागि बसपार्क व्यवस्थापन समिति, कार्यपालिका, विभिन्न राजनैतिक दल एवं सरोकारवाला पक्षहरुसँग मिति २०८०/०९/०६ गते गरिएको वृहत अन्तरक्रिया कार्यक्रमबाट प्राप्त सुझाव समेतलाई मध्यनजर गरी सो सम्बन्धमा सम्झौताको अवधि, कुल ठेक्का अङ्क समेतका अन्य आवश्यक विषयमा उपयुक्त निर्णय लिन सक्ने गरी यस सभामा भएको अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने र कार्यपालिकाको निर्णयका आधारमा ठेक्का प्रक्रियामा लैजाने विषयलाई सर्वसम्मत पारित गरियो ।

१७. कोहलपुर नयाँ बसपार्कको निर्माणको क्रममा नगर विकास कोषबाट ऋण लिए बमोजिम ऋण भुक्तानीका लागि लेखी आएकोमा बसपार्कको सम्पूर्ण संरचनाहरु ठेक्कामा नगएको, बसपार्कबाट प्राप्त हुनुपर्ने न्यूनतम राजश्व समेत असुल गर्न नसकिएको, नगरपालिकाको आन्तरिक आयमा कमी आई नगरसभाबाट विनियोजित योजनामा खर्च गर्न समेत रकम अपुग हुने अवस्था देखिएको हुँदा हाललाई उपलब्धताका आधारमा ऋणको ब्याजको केही प्रतिशत मात्र रकम भुक्तानी गर्ने सर्वसम्मत पारित गरियो ।

पुर्ण प्रसाद आचार्य

१८. बेरुजु फछ्र्यौट सम्बन्धमा लेखा समितिले तेह्रौं नगरसभाका चरणमा आवश्यक छलफल गरेको र हाल भएको महालेखा परीक्षकको प्रतिवेदनमा देखिएका कैफियत समेतको विषयमा लेखा समितिको प्रतिवेदन पारित गर्ने एवं लेखा समितिका विभिन्न मितिका निर्णयहरु अनुमोदन गर्ने ।

१९. २०८० श्रावण देखि हाल सम्मको नगर कार्यपालिकाका विभिन्न मितिका निर्णयहरु(वेवसाईट मार्फत सार्बजनिक गरिएको), विषयगत समितिका निर्णयहरु अनुमोदन गरियोस भनी पेश भएको प्रस्ताव ध्वनी मतका आधारमा पारित भएको ।

२०. नगरसभामा प्रस्ताव गरिएका विषयका अलावा छुट हुन गएका विषयमा आफ्नो धारणा राख्नका लागि सभा अध्यक्षबाट समय प्रदान गरिएकोमा देहायका सभाका सदस्यहरुले आफ्नो धारणा राख्नुभएको थियो ।

गोबिन्द वाग्ले, नगर सभा सदस्य (वडा नं. ६)

कोहलपुर नगरपालिकाको वडा नं. ६ मा भूमि सम्बन्धी समस्याका कारण वडाबासीले विभिन्न मितिमा नगरपालिकाबाट जारी भएका सूचनाहरुमा घरनक्सा पासका लागि बञ्चित हुन पुगेका एवं समयमा घरनक्सा पास एवं अभिलेखिकरण गर्न नपाएर थप जरिवाना तिर्नुपर्ने अवस्था सृजना हुन गएकाले ६ नं. वडाका लागी ४०% छुट सहित घरनक्सा पास तथा अभिलेखिकरण हुने व्यवस्था मिलाईनुपर्ने ।

गोमा खनाल, लेखा समिति संयोजक एवं नगर सभा सदस्य(वडा नं. १३)

कोहलपुर नगरपालिकाभित्र गरिब भूमिहिन सुकुम्बासीहरुको संख्या रहेको र भूमी सम्बन्धी लगत संकलन, जग्गा नापजाँचको कार्य समेत भईरहेको अवस्था छ । नगरपालिका अन्तर्गत कृषि तथा पशु सम्बन्धी सेवा उपभोग गर्ने क्रममा सुकुम्बासी व्यक्तिहरुलाई समेत समेटिने गरी कृषि तथा पशु विकास शाखामा सेवा प्राप्त हुने व्यवस्था गरिनुपर्ने ।

कल्पना शर्मा, नगर सभा सदस्य(वडा नं. ११)

कोहलपुर न.पा. ११ को लोकनगर, मुक्त कमैया बसोबास गर्ने क्षेत्रमा पानी निकासको समस्या हुने गरेकोमान सो क्षेत्रमा पनि योजना तथा निर्माणका कार्यहरु समावेश गरिनुपर्ने, मुक्त कमैया बस्तीमा जग्गा किनबेच हुने गरेको भन्ने सम्बन्धमा सो जग्गा कसरी किनबेच भएको हो एवं किनबेच पछि कसरी नापजाँच गरियो, वडा नं. ११ ठुलो वडा हुनुका साथै बजारको केन्द्र समेत रहेकाले धेरै सेवाग्राही हुने गर्दछन् र वडा नं. ११ मा आवश्यक जनशक्तिको व्यवस्था गरी सेवा प्रवाहलाई छिटोछरितो बनाईनुपर्ने ।

भिम पौडेल, नगर सभा सदस्य(वडा नं. १०)

वडा नं. १० मा ८ नं. वडाको विभिन्न स्थानबाट एवं प्रहरी बिट हुँदै पानी बहने भएकाले वर्षायाममा पानी निकासको समस्या रहने गरेको, बाढीजन्य प्रकोप एवं पानी निकासको समस्या अत्याधिक रहने गरेकाले १० नं. वडालाई विपद वडा घोषणा गरिनुपर्ने साथै विपद न्युनीकरणका लागि समय मै पूर्व तयारी गरिनुपर्ने ।

२१. चालु आर्थिक वर्षको श्रावणदेखि आजको मिति सम्म अघिल्लो सभाबाट अधिकार पाई नगर कार्यपालिका एवं नगर प्रमुख स्तरीय निर्णयबाट भए गरेका सम्पूर्ण खर्च, निर्णय तथा कार्यहरुको अनुमोदन गर्ने एवं आगामी नगर सभाको अधिवेशन बस्नु पूर्व यस सभालाई प्राप्त अधिकारहरु मध्ये

अत्यावश्यक भएमा सो प्रयोग गरी निर्णय एवं कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने।

२२. नगरपालिकाको चालु आ.ब. २०८०/०८१ को बजेट, योजना तथा कार्यक्रममा यसैसाथ संलग्न अनुसूची १ बमोजिम संशोधन गर्ने ।

२३. आ.ब. २०७९/०८० को यस नगरपालिकाको स्थानीय तह संस्थागत क्षमता मूल्याङ्कन(LISA), स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) र स्थानीय आर्थिक विकास मूल्याङ्कन (LED) को नतिजा अनुमोदन गरी सार्वजनिक गर्ने ।

२४. कोहलपुर नगरपालिका वडा नं ११ लाहुरे टोलमा बाटो पिसिसि तथा आरसिसि नाली निर्माणका लागि नपुग भएको रकम प्राविधिक मूल्याङ्कनका आधारमा भैपरी आउने पुँजिगत खर्चबाट खर्च लेख्ने गरी विनियोजन गर्ने ।

२५. नगरपालिकाको योजना अनुगमन तथा सुपरिवेक्षण समितिले चालु आर्थिक वर्षमा अनुगमन गरी भुक्तानीका लागि सिफारिश गरे अनुसारका योजना तथा कार्यक्रमको भुक्तानी कार्यलाई अनुमोदन गर्ने ।

२६. कोहलपुर नगरपालिकाको न्यायिक समितिबाट चालु आर्थिक वर्षको न्याय निरुपणको क्रममा भए गरेका कारवाही एवं निर्णयलाई अनुमोदन गर्ने ।

२७. कोहलपुर नगरपालिकाको तेह्रौं नगरसभामा समावेश नभएका तर नगर कार्यपालिकाको विभिन्न बैठकबाट विनियोजन, छनौट तथा कार्यान्वयन गरिएका सबै नयाँ योजनाहरुमा भएको विनियोजन, खर्च तथा भुक्तानीलाई अनुमोदन गर्ने ।

२८. यस नगरपालिका भित्र घर नक्शा निर्माण ईजाजत बिना निर्माण सम्पन्न भएका तथा निर्माण ईजाजत लिए पश्चात मापदण्ड विपरित निर्माण सम्पन्न भएका भवनहरुको हकमा २०८१ असार मसान्त सम्मका लागि पुनः एकपटक म्याद थप गरी घर नक्शा अभिलेखिकरणका लागि निवेदन पेश गर्न सूचना प्रकाशन गर्ने कार्यपालिकाको मिति २०८०/०५/०३ एवं २०८०/०७/१९ को निर्णय अनुमोदन गर्ने साथै कार्यपालिकाको निर्णयानुसार प्रकाशित सूचना बमोजिम भएका घरनक्सा अभिलेखिकरण प्रमाणित कार्यलाई अनुमोदन गर्ने ।

२९. यस नगरपालिकाको नगर सभाको बाह्रौं अधिवेशनको बैठकबाट पारित दरबन्दी तेरिज एवं संगठन संरचना बमोजिम नगर प्रहरी तथा विपद शाखामा नगर प्रहरी प्रमुख सातौं एक जनाको दरबन्दी रहेको र यस नगरपालिकामा चालु आर्थिक वर्षमा प्रहरी भर्ना छनौट गर्दा नगर प्रहरी निरीक्षक भनी तह उल्लेख नगरी भर्ना गरिएको हुँदा हाल कार्यरत नगर प्रहरी निरीक्षक बीर बहादुर थापालाई निजको करार म्याद थप हुने अवस्था भएमा २०८० श्रावणदेखि लागु हुने गरी सातौं तह कायम गरी करार म्याद थप गर्ने कार्यपालिकाको मिति २०८०/०३/१५ को निर्णय अनुमोदन गर्ने ।

३०. यस नगरपालिकामा विगतदेखि हलुका सवारी चालक पदमा कामकाज गर्दै आएका श्री दिनेश बहादुर डाँगीलाई २०८० माघ १ गतेदेखि भारी सवारी चालक पदमा करार सम्झौता गरी कामकाजमा लगाउने कार्यपालिकाको मिति २०८०/०८/२६ को निर्णय अनुमोदन गर्ने ।

३१. यस नगरपालिका अन्तर्गत करारमा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धमा नगर कार्यपालिकाको मिति २०८०/०९/२३ को निर्णय अनुमोदन गरी सोही बमोजिम २०८१ असार मसान्त सम्मका लागि म्याद थप गर्ने ।

३२. चालु आर्थिक वर्षमा विभिन्न शीर्षकबाट नगर प्रमुखको तोक आदेश बमोजिम भएका आर्थिक सहायता लगायतका विभिन्न भैपरी कार्यक्रममा भएका विनियोजन, खर्च तथा भुक्तानीलाई अनुमोदन गर्ने ।

३३. वडा समिति एवं विभिन्न विषयगत समितिहरुको सिफारिसमा यस अवधिमा नगर कार्यपालिकाबाट संसोधन भएका यसै निर्णयको अनुसूची ३ बमोजिमका वडा समिति एवं शाखाको सिफारिस बमोजिमका योजनाहरुको संशोधन अनुमोदन गर्ने ।

३४. कोहलपुर नगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा रहेका मुक्त कमैयाहरुले जोतभोग गरेको जग्गामध्ये नेपाल सरकारले तोकेको अवधि पुरा गरेका मुक्त कमैयाहरुले उपभोग गरेको जग्गा फुकुवाका लागि सम्बन्धित निकायमा अनुरोध गरी पठाउने ।

३५. सभाका अध्यक्षद्वारा सभामा उठेका विविध विषयहरुको जवाफ सहित आफ्नो धारणा राख्दै नगरपालिकाको चौधौं अधिवेशन संचालनको क्रममा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु, सरोकारवाला महानुभावहरु, पत्रकार ज्यूहरु लगायत सम्पूर्णमा धन्यवाद दिँदै बैठकको समापन गर्नुभयो ।

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल